# सार्वजनिक सुनुवाई कार्यक्रम

## आर्थिक बर्ष २०७९/८०

## कार्यक्रम स्थल र मिति

साँगुरीगढी गाउँपालिका वडा नं. ३, कुसेटार
२०८० असार १ गते शुक्रवार

## कार्यक्रम आयोजक

साँगुरीगढी गाउँपालिका
भेडेटार, धनकुटा

## प्रतिवेदन पेश गर्ने

हरिबहादुर लम्जेल
विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर, धनकुटा

# सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धि प्रतिवेदन

## १.पृष्ठभूमि

स्थानीय तहहरुले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय तहका पदाधिकारीहरु तथा सरोकारवाला नागरिक वीच सार्वजनिक स्थानमा गरिने खुल्ला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन संचालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका विषयमा आम नागरिकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रवर्द्धन गर्दछ ।

स्थानीय सरकार र नागरिकहरुका बीच दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय स्तरमा विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार, जवाफदेहि, जनउत्तरदायि बनाउन सार्वजनिक सुनुवाई कार्यक्रमको व्यवस्था गरिएको हुन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रममा चासोका विषयमा जिम्मेवार पदाधिकारी र सेवाग्राही वीच सवाल जवाफ हुन्छ । साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा गरेका सुधारहरु समेत प्रफुष्टित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने सम्भावनाहरुको वारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार भएका छन् । सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त भएका प्रतिवद्धता कार्यान्वयनबाट सुधारको अपेक्षा गर्न सकिएको छ ।

गाउँपालिका कार्यालयबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुले अपेक्षा गरिएका उपलब्धी हासिल गरे कि गरेनन्, ती योजना तथा कार्यक्रमले जनतामा के कस्तो परिवर्तन भयो, योजना तथा कार्यक्रम सञ्चालन गर्दा के-कस्ता समस्या देखिए र योजना तथा कार्यक्रममा जनताको अपेक्षा र गुनासो के छ भन्ने विषयमा जानकारी लिने र जनताका समस्याहरुको विषयमा छलफल गर्न सार्बजानिक सुनुवाई कार्यक्रमले महत्वपुर्ण योगदान दिएको छ ।

साँगुरीगढी गाउँपालिका कार्यालयबाट प्रवाह हुने सेवाको विषयमा गाउँपालिकास्तको रसार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भइसकेको हुँदा संयोजनको रुपमा विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर धनकुटाको तर्फवाट प्रतिवेदन तयार गरिएको छ ।

## २. सार्वजनिक सुनुवाई कार्यक्रमबाट निम्न उद्धेश्य पुरा भएका छन् :

१. साँगुरीगढी गाउँपालिका कार्यालयको काम, कारवाही, सेवा प्रवाह, योजना एवम् कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राही वीच अन्तरक्रिया गराउने उद्देश्य पुरा भएको छ,

२. सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको वारेमा हाकाकाही प्रश्नोत्तर गर्ने उद्देश्य पुरा भएको छ,

३. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने उद्देश्य पुरा भएको छ,

४. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिक प्रति जवाफदेहि बनाउने उद्देश्य पुरा भएको छ,

५. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागिता वृद्धि गर्ने उद्देश्य पुरा भएको छ,

६. नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा आगामी दिनमा सोको कार्यान्वयन गर्ने उद्देश्य पुरा भएको छ,

७. जनप्रतिनिधि तथा कर्मचारीहरुमा जवाफदेहिताको संस्कार बसाउने उद्देश्य पुरा भएको छ,

## ३. सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएप्रश्चात प्राप्त उपलब्धीहरू :

१. साँगुरीगढी गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुनेभएपछि कार्यक्रम मार्फत गाउँपालिका र वडामा संचालन भएका योजना तथा कार्यक्रम र सेवाका बिषयमा त्यस क्षेत्रका सेवाग्राहीलाई जानकारी प्राप्त भएको छ ।

२. जनताका गुनासाहरुलाई कार्यक्रम स्थलवाटै सुनुवाई गर्ने अवसर प्राप्त भएको छ ।

३. सार्वजानिक सुनुवाई मार्फत विकास निर्माणका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी, जवाफदेही र जनता प्रति उत्तरदायी बनाउन सकिनेछन् । जनताका गुनासो र सुझावको आधारमा विकास निर्माणका थप योजना तथा कार्यक्रमहरुलाई आगमी दिनमा परिमार्जन गर्ने अवसर मिलेको छ ।

## ४. विधि

### १.१ समन्वय तथा प्रचार प्रसार

गाउँपालिकाबाट प्रवाह हुने सेवाको विषयमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना तथा प्रशासन प्रमुख, इञ्जिनियर सहित गाउँपालिकाका कर्मचारी, वडाध्यक्ष सहित वडा समितिका सदस्यहरु, वडा सचिव तथा कर्मचारीहरुलाई जानकारी गराइएको थियो । कार्यक्रम हुने स्थानको सम्वन्धित वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई फोनबाट सूचना गराइएको थियो । त्यस्तै वडा मार्फत पनि विभिन्न योजनाका उपभोक्ता समितिका अध्यक्ष सहित पदाधिकारी, निर्माण व्यवसायि, सरोकारवाला तथा सेवाग्राही, राजनैतिक दल, गैसस वुद्धिजीवि, संचारकर्मी एवम् वडावासीलाई सूचना गराइएको थियो । वडा कार्यालयमा उपस्थितिको लागि वडा कार्यसँगको सहजीकरणमा पत्रचार समेत गरिएको थियो ।

### १.२ सूचना तथा राय संकलन

#### क) बहिर्गमन अभिमत

सेवाग्राहीले सेवा लिने वित्तिकै सेवा प्रतिको धारणा लिन बहिर्गमन अभिमत लिने गरिन्छ । साँगुरीगढी गाउँपालिकाको वडा कार्यालयवाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरि बाहिरिएका नागरिक मध्येबाट आकस्मिक नमुना छनौट विधि प्रयोग गरि कम्तीमा ५० जनालाई बहिर्गमन अभिमत सूचना संकलन गरिएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परि अभिमत दिने सबैजनालाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

#### ख) नागरिक प्रतिवेदन पत्र

नागरिक प्रतिवेदन पत्रको लागि फारामको प्रयोग गरी वडा सहित वडाका विभिन्न स्थानमा गई अर्न्तवार्ता लिइएको थियो । नागरिक प्रतिवेदन पत्रको लागि दलित, जनजाती, क्षत्री/बाहुन, बालवालिका, महिला, पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित नागरिक विचारलाई विश्लेषण गरि सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएको थियो । नागरिक प्रतिवेदन पत्रका लागि अन्तरवार्तामा भाग लिएका सम्पूर्ण उत्तरदाताहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

#### ग) नागरिक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन

गाउँपालिकाबाट प्रवाह हुने सेवाको लागि दर्ता, जन्मदर्ता, नागरिक वडा पत्रमा उल्लेख भए अनुसारको कार्य सम्पादन गरे नगरेको वारे स्थल रुपमा पुगि अवलोकन गरिएको थियो । वडामा सूचना टाँस गर्ने सूचना पाटी, सुझाव पेटिका छ छैन भन्ने विषयमा अवलोकन गरिएको थियो ।

### साँगुरीगढी गाउँपालिका

# सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि प्रतिवेदन

### आ.व. २०७९/८०

| | |
|---|---|
| कार्यक्रम सम्पन्न मितिः | २०८० असार १ गते शुक्रवार |
| स्थानः | साँगुरीगढी गाउँपालिका-३, कुसेटार |
| कार्यक्रम सहजकर्ता :<br>तथा संयोजक | हरिबहादुर लम्जेल<br>विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर |
| सभापतिः | टेकबहादुर लिम्बु<br>वडा अध्यक्ष<br>साँगुरीगढी गाउँपालिका वडा नं.-३ वडा कार्यालय |
| प्रमुख अतिथि | जितेन्द्र राई<br>(अध्यक्ष)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा |
| अतिथि | मनोजकुमार ठाकुर<br>(प्रमुख प्रशासकीय अधिकृत)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>दोर्ण राई<br>(योजना तथा प्रशासन प्रमुख)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>गंगा कटुवाल<br>(शिक्षा शाखा प्रमुख)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा |

**कार्यक्रमको औचित्य माथि प्रकाशः** मनोजकुमार ठाकुर (प्रप्रस), साँगुरीगढी गाउँपालिका

**कार्यक्रम संचालन** : दोर्ण राई, योजना तथा प्रशासन शाखा प्रमुख, साँगुरीगढी गाउँपालिका

**नागरिक प्रतिवेदन प्रस्तुतिकरण** : हरिबहादुर लम्जेल, विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर

# साँगुरीगढी गाउँपालिका
# सार्वजनिक सुनुवाई कार्यक्रम
### २०८० असार १ गते शुक्रवार

उठेका प्रश्न/जिज्ञासा

| क्र.सं. | नाम थर ठेगाना | पिरमर्का गुनासाका विषय | सुधार समाधानका उपाय |
|---|---|---|---|
| १ | मइनराज राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ➡ सार्वजनिक सुनवाईको प्रचार खैं, डुम्रेको प्रतिनिधित्व देखिएन त ?<br>➡ वजेट सर्वसाधारणले वुझिने भाषामा राख्नु पऱ्यो, कतिपय योजनाको नाम अंग्रेजीमा हुँदा सर्वसाधारणले वुझ्नेनन् ।<br>➡ विपद् राहतकोष स्थापना भएपनि प्रभावकारी छैनन् । वाढीपहिरोले क्षतविक्षत् हुँदा पनि जनताले राहत पाएनन् ।<br>➡ पालिकाले खरिद गरेको औषधी सर्वसाधारको हातमा आइपुग्दा म्याद सकिएका हुन्छन् । पालिकाले किन वैलेमा खरिद गर्न नसकेको होला ?<br>➡ योजना संचालन गर्ने उपभोक्ता समितिका सदस्यलाई तालिमको व्यवस्था हुनुपऱ्यो ? | ➡ सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचारको विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➡ बजेटमा समावेश योजना कार्यक्रमको भाषागत समस्याको वारेमा स्पष्ट पार्नुपर्ने ।<br>➡ विपद राहत कोषको प्रभावकारिताको विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➡ पालिकाले खरिद गरेको औषधीको म्याद सकिएको विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➡ योजना संचालन गर्ने उपभोक्ता समितिलाई तालिमको व्यवस्था वारेमा स्पष्ट पार्नुपर्ने । |
| २ | प्रवेश लिंखा (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ➡ शिक्षा क्षेत्र गन्जागोल भयो । विद्यालयमा शिक्षकको दरवन्दी रित्त छन् । पालिकाको योजना के छ ?<br>➡ यूवालक्षित कार्यक्रम किन गाउँपालिकाको प्राथमिकतामा नपरेको होला ? | ➡ विद्यालयमा रिक्त शिक्षक दरवन्दीको विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➡ युवालक्षित कार्यक्रम गाउँपालिकाको प्राथमिकतामा किन नपरेको विषयमा स्पष्ट पार्नुपर्ने । |
| ३. | दिपक कार्की (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ➡ विद्यालयमा लेखापाल नहुँदा हिसाव किताव व्यवस्थापनमा समस्या भयो । समाधानको लागि गाउँपालिकाको योजना के छ ? | ➡ विद्यालयमा लेखापाल व्यवस्थापन गर्न गाउँपालिकाको योजना वारे स्पष्ट पार्नु पर्ने । |
| ४ | महेन्द्र माझी (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ➡ कुसेटारमा सामुदायिक हल नहुदा कार्यक्रम तथा वैठक वस्न समस्या भयो ? | ➡ कुसेटारमा सामुदायिक हल नहुँदा परेको समस्यालाई समाधान गर्नुपर्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| ५ | नविन माझी (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ➡ गाउँपालिकामा योजना तथा कार्यक्रमको सम्झौता तथा भुक्तानी लागि जाँदा कर्मचारीहरु खाजा खान गइदिने । एकै दिनमा हुने काममा पटक पटक दुख दिने | ➡ गाउँपालिकामा आउने सेवाग्राहीले पाएको दुखको विषयमा स्पष्ट पार्नुपर्ने । |

| | | | |
|---|---|---|---|
| | | गरिएको छ । गाउँपालिकाले यस तर्फ ध्यान दिनु पऱ्यो ? | |
| ६ | रोहितकुमार पोखेल (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ⇨ कुसेटारमा अवस्थित सिद्धेश्वरी आ.प्रा.विमा कम्प्यूटर पढ्ने विद्यार्थी ३२ जना छन् । तर सिकाउने कम्प्यूटर एउटा छ । गाउँपालिकामा पटक पटक अनुरोध गर्दा समेत समस्याको समाधान हुन सकेन । | ⇨ एउटा मात्र कम्प्यूटर हुँदा ३२ जना विद्यार्थीलाई समस्या भएको र समाधानको लागि गाउँपालिकाले गर्न सक्ने कार्यको वारेमा स्पष्ट पार्नुपर्ने । |

| क्र.सं. | प्रश्नकर्ता वा गुनासो गर्ने वा सुझाव दिनेको नाम थर | सहभागीको प्रश्न | जवाफदिने अधिकारीको नाम ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | मइनराज राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ⇨ सार्वजनिक सुनवाईको प्रचार खैं, डुम्रेको प्रतिनिधित्व देखिएन त ?<br>⇨ वजेट सर्वसाधारणले वुझिने भाषामा राख्नु पऱ्यो, कतिपय योजनाको नाम अंग्रेजीमा हुँदा सर्वसाधारणले वुझ्नेनन् ।<br>⇨ विपद् राहतकोष स्थापना भएपनि प्रभावकारी छैनन् । वाढीपहिरोले क्षतविक्षत् हुँदा पनि जनताले राहत पाएनन् ।<br>⇨ पालिकाले खरिद गरेको औषधी सर्वसाधारको हातमा आइपुग्दा म्याद सकिएका हुन्छन् । पालिकाले किन वैलेमा खरिद गर्न नसकेको होला ?<br>⇨ योजना संचालन गर्ने उपभोक्ता समितिका | मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ वडा कार्यालय मार्फत सबैलाई खवर गर्ने प्रवन्ध मिलाएका थियौं । आगामी दिनमा सबै जना प्रतिनिधित्व हुने गरि व्यवस्था मिलाउनेछौं ।<br>⇨ योजनाको नाम अंग्रेजीमा भाषामा राख्दा देखिएको समस्यालाई आगामी दिनमा समाधान गर्नेछौं ।<br>⇨ गाउँपालिकामा विपद् राहत कोष स्थापना भएको छ । विपद्को घटना हुने वित्तिकै उद्धार राहत जतिसक्दो चाँडा गर्न गाउँपालिका प्रतिवद्ध रहेको जानकारी गराउँदछु ।<br>⇨ साँगुरीगढी गाउँपालिकाले औषर्धी गर्दा दुई वर्ष म्याद रहेको मात्रै खरिद गर्दछ । त्यस्तो नहुनु पर्ने हो । यो विषयमा हामी पालिकामा छलफल गर्छौं ।<br>⇨ विगतमा हामीले तालिमको व्यवस्था गरेका थियौं । हरेक वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्यलाई तालिमको व्यवस्था हुनुपर्‍यो ? | | उपभोक्ता समितिमा नयाँ पदाधिकारी र सदस्य हुँदा पून: समस्या भएको हो । अव आगामी दिनमा हामी तालिमको व्यवस्था मिलाउँछौं । |
| २ | प्रवेश लिंखा (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ⇨ शिक्षा क्षेत्र गन्जागोल भयो । विद्यालयमा शिक्षकको दरवन्दी रित्त छन् । पालिकाको योजना के छ ?<br>⇨ यूवालक्षित कार्यक्रम किन गाउँपालिकाको प्राथमिकतामा नपरेको होला ? | गंगा कटुवाल (शिक्षा शाखा प्रमुख)<br>जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका धनकुटा | ⇨ दरवन्दी मिलानको लागि न्यून दरवन्दी आउने गर्दछ । जसको कारण समस्या भएको हो । गाउँपालिका रित्त दरवन्दी पदपूर्तिका लागि लागिरहेको छ ।<br>⇨ गाउँपालिकाले यूवाहरुलाई स्वरोजगार वनाउन आगामी दिनमा व्यवसायिकमूलक तालिमको व्यवस्था गर्ने जानकारी गराउँदछु । |
| ३ | दिपक कार्की (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ⇨ विद्यालयमा लेखापाल नहुँदा हिसाव किताव व्यवस्थापनमा समस्या भयो । समाधानको लागि गाउँपालिकाको योजना के छ ? | मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ माध्यमिक तहमा लेखापालको व्यवस्था रहेको छ । तर प्रावि तहमा लेखापालको व्यवस्था नहुँदा समस्याको आएको हुन सक्छ । तर गाउँपालिकाले प्रावि तहका शिक्षकहरुलाई लेखा व्यवस्थापन सम्वन्धि तालिम दिन सक्छ । छलफल गर्नेछौं । |
| ४ | महेन्द्र माभ्mी (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ⇨ कुसेटारमा सामुदायिक हल नहुदा कार्यक्रम तथा वैठक गर्न समस्या भयो ? | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका धनकुटा | ⇨ हामी यतिबेला आगामी आर्थिक वर्षको योजना कार्यक्रम छनोटमा छौं । पक्कै पनि यहाँहरुले राख्नु भएको माग जायज छन् । यहाँहरुको मागलाई कार्यपालिका वैठकमा राख्ने छौं । जग्गाको व्यवस्थापन गर्नुहोला । |
| ५ | नविन माभ्mी (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ⇨ गाउँपालिकामा योजना तथा कार्यक्रमको सम्झौता तथा भुक्तानी लागि जाँदा कर्मचारीहरु खाजा खान गइदिने । एकै दिनमा हुने काममा पटक पटक दुख दिने गरिएको छ । गाउँपालिकाले यस तर्फ ध्यान | मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लागि खाजा खाने समयको निर्धारण गरिएको छ । कहिले काही खाजा खाने समय र सेवाग्रही आएको समय एकैपटक हुँदा समस्या आएको हुन सक्छ । तर टाढावाट आएका सेवाग्राहीको कामलाई कर्मचारीले पहिलो प्राथमिकता दिनु पर्छ । यसको लागि पहल गर्नेछु । |

| | | | | |
|---|---|---|---|---|
| | | दिनु पऱ्यो ? | | |
| ६ | रोहितकुमार पोखेल (स्थानीय) साँगुरीगढी गाउँपालिका-३, धनकुटा | ⇨ कुसेटारमा अवस्थित सिद्धेश्वरी आ.प्रा.विमा कम्प्यूटर पढ्ने विद्यार्थी ३२ जना छन् । तर सिकाउने कम्प्यूटर एउटा छ । गाउँपालिकामा पटक पटक अनुरोध गर्दा समेत समस्याको समाधान हुन सकेन । | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका धनकुटा | ⇨ यो विषयमा जानकारी प्राप्त भएको थिएन । अहिले जानकारी प्राप्त भयो । आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रममा समेट्नेछौं । |

# अनुसूची-२
## बुँदा नम्बर ३.६.१ सँग सम्वन्धित प्रश्नावली भाग-१
## नागरिक प्रतिवेदन (Citizen Report Card)
## (सन्तुष्टि वा असन्तुष्टि जनाउने)

**ब्यक्तिगत विवरण : जम्मा ५० जना (साँगुरीगढी गा.पा.-३, कुसेटार)**

१) **लिङ्ग** : (क) महिला : **१५** (ख) पुरुष : **३५**

(२) **जातीगत समुह :**

(क) दलित : ५ (ख.) जनजाती : ३० (ग) क्षत्री/बाहुन :१५ (घ) मधेसी ०:

(३) **शिक्षाः**

(क) साक्षर : १५ (ख.) एसएलसी : २५ (ग) एसएलसी भन्दा माथी: १०

(४) **पेसाः**

(क) कृषि : ३० (ख) ब्यापार : ५ (ग) नोकरी : ५

(घ) विद्यार्थीः ५ (ङ) राजनीति :० (च) समाजसेवा : ५

(५) **उमेर समुहः**

(क) १ देखि १८ बर्षः ७ (ख) १९ देखि ४० बर्ष : ३३

(ग) ४० देखि ७० बर्षः १० (घ) ७० बर्ष माथीः०

**१. सेवाको सन्तुष्टि**

**१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

सन्तुष्ट (०) ठिकै (४०) असन्तुष्ट (१०)

**१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (०) ठिकै (५०) असन्तुष्ट (०)

**२. सेवाको नियमितता**

**२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (०) ठिकै (५०) असन्तुष्ट (०)

**२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता) संचालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?**

विश्वस्त (१०) ठीकै (४०) अविश्वस्त (०)

**२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

तिरेको छैन (२५)		एकदमै कम (१५)		धेरै तिरेको (१०)

**२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?**

१ दिन (१०)		२ दिन (१५)		धेरै दिन (२५)

**३. सेवा प्रति जनविश्वास**

**३.१ यस कार्यालयले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**

विश्वस्त (१५)		ठीकै (३५)		अविश्वस्त (०)

**३.२ कार्यालय प्रदान गरेको सेवाको वारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नुभएको छ ?**

धेरै (२०)		ठीकै (३०)		विश्वास छैन (०)

**३.३ यस कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?**

धेरै (०)		ठीकै (५०)		विश्वास छैन (०)

**३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

छ (३०)		छैन (१८)		अलि अलि थाहा छ (२)

**४.सेवाको गुणस्तर**

**४.१ यस कार्यालयबाट सेवा लिदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (३०)		कम सन्तुष्ट (१०)		असन्तुष्ट (१०)

**४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?**

आफै (२०)		गाउँका ठुलावडाको (२०)		जनप्रतिनिधि वा मध्यस्थकर्ता (१०)

**५. सेवा सम्वन्धी जानकारी**

**५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

अति राम्रो (१०)		ठिकै (३०)		नराम्रो (१०)

**५.२ कार्यालयमा भएको नागरिक वडापत्र बारे तपाईलाई जानकारी छ ?**

छ (१०)		आँशिक जानकारी छ (४०)		कुनै जानकारी छैन (०)

**५.३ कार्यालय र सेवाग्राही वीचको सम्बन्ध कस्तो छ ?**

अति राम्रो (१०)		ठिकै (३०)		खासै राम्रो छैन (१०)

**५.४ संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?**

२० प्रतिशत (३३)　　५० प्रतिशत भन्दा माथि (१०)　　थाहा छैन (७)

**५.५ गाउँ परिषद्मा राष्ट्रिय नीति निर्देशीका अनुसार समावेशी प्रकृतीको प्रतिनिधित्व भएको छ ?**

छ (२०)　　ठिकै (३०)　　प्रतिनिधित्व साह्रै कम छ (०)

**६.नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

**६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**

धेरै (०)　　कम (५०)　　गरेको छैन (०)

**६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?**

धेरै (२०)　　ठीकै (२०)　　अतिकम (१०)

**६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?**

धेरै भएको छ (०)　　ठीकै भएको छ (५०)　　भएको छैन (०)

**प्रश्नावली भाग-२**

## नागरिक प्रतिवेदन पत्र

**१. सिफारिस सम्बन्धी**

**१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?**

पाएँ (३०)　　ठीकै पाएँ (१५)　　स्पष्ट पाइँन (५)

**१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?**

दिएँ (१०)　　थोरै दिएँ (१०)　　मागिएन र दिइएन पनि (३०)

**१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?**

आफै (३०)　　मध्यस्थकर्ता वा जनप्रतिनिधि (१०)　　नेता/ ठुलावडा (१०)

**१.४ राजश्व, शुल्क तथा दस्तुर को-कससँग उठाउने गर्दछन् ?**

सबैसँग कर उठाउँछन् (३५)　　सीमित व्यक्तिसँग मात्र कर उठाउँछन् (१५)

धेरै वक्यौता रहने गरेको छ (०)

२. पूर्वाधार तथा सरसफाई सम्बन्धी

**२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

राम्रो (०) ठीकै (५०) खराव (०)

**२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?**

तुरुन्तै हुन्छ (३०) पटक-पटक भनेपछि मात्रै हुन्छ (२०) जति भनेपनि हुन्न (०)

**२.३ तपाईको विचारमा साँगुरीगढी गाउँपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?**

नियमित र राम्रोसँग (१०) ठीकै गर्छ (४०) नियमित रुपमा गर्दैन (०)

**२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

राम्रो (५) ठीकै (३५) खराब (१०)

**२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

प्रभावकारी छन् (१५) ठीकै छन् (३५) प्रभावकारी छैनन् (०)

**२.६ योजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?**

सहज (५) ठीकै (४०) अप्ठ्यारो (५)

**२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

पर्दैन (५०) मागेरै लिन्छन् (०) रकम नदिए अप्ठ्यारो पार्छन् (०)

**२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?**

सजिलै पाइयो (३०) कहिलेकाँही पाइयो (१०) माग गर्दा पनि पाइएन (१०)

**२.९ विकास निर्माणका वारेमा जानकारी माग्दा पाउनु हुन्छ ?**

सजिलै पाइन्छ (३०) सोधेपछि पाइन्छ (२०) सोधेपनि पाइदैन (०)

**२.१० स्थानीय तहको आचारसंहिता पालना भएको छ ?**

पालना भएको छ (२५) ठीकै पालना भएको (२५) कत्ति पनि पालना भएको छैन (०)

**२.११ योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनु भएको छ ?**

धेरै सहयोग पाएको छु (२०) ठीकै सहयोग पाएको छु (२५) तिरुत्साहित गरिन्छ (५)

**३.यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?**

**३.१ आर्थिक श्रोत कस्तो छ ?**

आवश्यक श्रोत उपलब्ध छ (२०) कम श्रोत उपलब्ध (२५) अति कम श्रोत उपलब्ध (५)

**३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?**

अति सरल (१५) ठीकै (३५) जटिल (०)

**३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

आवश्यक सीप छ (३५) आवश्यकता भन्दा कम छ (१५) सीप निकै कम छ (०)

**३.४ गा.पा र न.पा.को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नु भयो ?**

टाँसेको देखेको छु (४०) कहिले काही टाँसेको देखिन्छ (१०) खै कतै देखिएन (०)

**३.५ कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ?**

छ (२५) ठीकै मूल्याङ्कन हुने गरेको छ (२५) कहिले पनि भएको थाहा छैन (०)

**३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (१०) ठीकै (४०) कुनै जानकारी छैन (०)

**४.पारदर्शिता सम्बन्धी**

**४.१ गा.पा र न.पा.मा सार्वजनिक सुनुवाई कार्यक्रम हुन्छ कि हुँदैन ?**

हुन्छ (३५) हुँदैन (१५) कार्यक्रम बारे कुनै जानकारी छैन (०)

**४.२ गा. पा र न.पा.मा सार्वजनिक परीक्षण कार्यक्रम हुन्छ कि हुँदैन ?**

हुन्छ (४०) हुँदैन (०) कार्यक्रम बारे कुनै जानकारी छैन (१०)

**४.३ गा.पा र न.पा. मा वार्षिक रुपमा सामाजिक परीक्षण हुन्छ कि हुँदैन ?**

हुन्छ (४०) हुँदैन (१०) कार्यक्रम बारे कुनै जानकारी छैन (०)

**४.४ सार्वजनिक सुनुवाईमा गरिएका प्रतिवद्धता कत्तिको कार्यान्वयन भएको छ ?**

धेरै (१५) ठीकै (२५) कम (१०)

**४.५ सार्वजनिक सुनुवाईको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?**

संयन्त्र वनेको छ (३०) कुनै संयन्त्र वनेको छैन (१०) कुनै जानकारी नै छैन ( १०)

**४.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

धेरै जानकारी पाएको छु (२५) ठीकै जानकारी पाएको छु (२०)

कम जानकारी पाएको छु (५)

अनुसूची-३

## बहिर्गमित अभिमत (Exit Poll)

बुँदा नम्बर ३.४.१ सँग सम्वन्धित

**१) सेवाग्राहीको लिङ्ग :-** पुरुष : ३५ महिला : १५

**२) जात :** **३) उमेर :** **४) शिक्षा :**

**५) कार्यालयसम्म आइपुग्दाको समय :**

**६) यस कार्यालयको काममा मात्र आउनु भएको वा अन्य कामको लागि पनि**

**७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको ? रेजा (✓) चिन्ह दिनुहोस् ।**

(क) सिफारिस लिन/पुऱ्याउन-२०

(ख) दर्ता/नविकरण-०

(ग) आर्थिक सहयोग लिन-०

(घ) योजना माग गर्न-०

(ङ) योजनाको किस्ता लिन-०

(च) योजनाको मूल्याङ्कन गराउन-०

(छ) योजनाको अन्तिम भुक्तानी लिन-२०

(ज) स्थानीय तहले राखेको सूचना प्राप्त गर्न-०

(झ) सूचनामूलक सामाग्री प्राप्त गर्न-०

(ञ) अन्य कुनै भए-१०

| सि.नं | सेवाको नाम | मुल्यांकन उपयूक्त कोठामा रेजा (✓) लगाउनु होस् | | |
|---|---|---|---|---|
| १ | कार्यालयमा सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | ठीकै ५० | अस्पष्ट |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति वुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै ५० | थोरै |
| ३ | तपाई प्रति सेवा प्रदायक कर्मचारी र जनाप्रतिनिधिले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण ५ | ठीकै ४५ | अभद्र/अमर्यादित |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क दस्तुर) बारे तपाइलाई सेवाप्रदायक कर्मचारी तथा जनप्रतिनिधिले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठीकै ५० | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ५ | तपाईले राख्नुभएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै ५० | समाधान दिन सकेनन् |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) | ठीकै ५० | लामो र झन्झटिलो |

**कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने बिषयहरु |
|---|---|
| • मिलनसार कर्मचारी, सेवामूखी जनप्रतिनिधि, कार्यकुशलता<br>• भौतिक संरचना कार्यालयको सुधार<br>• सेवाग्राहीले सहजरुपमा आफ्नो लिन सक्ने वातावरण पाइयो ।<br>• सेवाग्राहिहरुले केही हदसम्म सेवा प्राप्त गर्न सहज भएको<br>• समयमा जानकारी हुन्छ ।<br>• अन्तरक्रिया राम्रो नै हुन्छ । | • गाउँपालिकामा कुनै पनि किसिमको योजनाको काम गर्न आउँदा आवश्यक भन्दा बढी कर कटाएर सोझा साझा जन्तालई दुःख दिने काम चाडो वन्द गरौं ।<br>• योजना कार्यान्वयन भयो की भएन भनेर निरिक्षण हुन आवश्यक छ ।<br>• गाउँपालिकाले सबै वडालाई सम्मान रुपमा हेर्नुपर्ने ।<br>• सानोतिनो गल्ती हुँदा कर्मचारीबाट पटक पटक दुःख दिने गरिएको छ । कर्मचारीहरु सुध्रिनु पर्‍यो ।<br>• भौतिक पूर्वाधार विकास भन्दा पनि उत्पादनशील क्षेत्रको विकास जोड<br>• सेवाग्राही धेरै संख्यामा भएको अवस्थामा कुपनको र आराम गर्ने ठाउँको प्रर्याप्त सुविधा हुनु पर्ने ।<br>• सूचनाको लागि होडिङ वोर्ड अनिवार्य राखियोस्<br>• जनताको मर्म र भावनाको उच्च मूल्याङ्कन गरी चाँडा भन्दा चाँडो सेवाग्राहीहरुले आफूले पाउने सेवाहरु सहज ढंगवाट पाउने व्यवस्थामा सबै पक्षलाई ध्यानाकर्षण जाओस् ।<br>• जानकारी समयमा भएपनि काम ढिलो हुने ।<br>• गाउँपालिकाबाट सेवा सुविधा ढिलो उपलब्ध हुने । |

**तपाईंले साँगुरीगढी गाउँपालिकाबाट आगामी दिनमा के-कस्ता योजना तथा कार्यक्रमको अपेक्षा राख्नु भएको छ ?**

१. सडक र खानेपानीको क्षेत्रलाई प्राथमिकतामा राखि योजना तथा कार्यक्रम निर्माण हुनु पर्दछ ।
२. कृषि क्षेत्रमा पर्याप्त योजना तथा कार्यक्रम भएन । किसानलाई तालिम भएन । गोठ सुधारको कार्यक्रम संचालन गर्न आवश्यक छ ।
३. भूगोलको हिसावले हेर्दा हामी कोशी गडतिर भेगमा वसेका मानिसहरुलाई नागरिकता वनाउन चौविसे गाउँपालिका राजारानी जानुपर्ने भएकाले हामीलाई धेरै गाह्रो हुन्छ । त्यो कार्यविधि सहज र सहुलियत ठाउँमा मिलाएर राखिदिए धेरै खुसी हुनेथियौं । त्यस्ता अरु धेरै कुराहरु छन्, वडा कार्यालय पनि ४ घण्टा हिडेर धाउनुपर्ने ठाउँ छ । त्यसको पनि शाखा गाउँमा राखिदिए हुन्थ्यो भन्ने अपेक्षा राखेका छौं ।
४. साँगुरीगढी गाउँपालिका वडा नं. ३ को कार्यालय हाम्रो गाउँ कुसेटारभन्दा धेरै टाढा भएकाले हाम्रो ठाउँमा सम्पर्क कार्यालयको व्यवस्था गरियोस् भनेर निवेदन पेश गरेका छौं । तर वेवास्ता गरिएको छ । तपाइहरुबाट के अपेक्षा गर्नु र ? अनि अर्को कुरा वडाले दिएको स्वास्थ्य सुविधा लिन पनि टाढा भएकाले एउटा स्वास्थ्य इकाईको माग गरेको धेरै समय भइसक्यो । अहिले सम्म पुरा हुन सकेको छैन ।
५. यस कुसेटार हुँदै वग्ने तमोर नदिमा अनैतिक रुपमा करेन्ट लगाएर माछा मार्ने क्रियाकलापलाई छ । यसको रोकथामको लागि गाउँपालिकाबाट पहल हुनु पर्‍यो । रोकथाम गर्न पहल गर्दा हामी स्थानीयले कुटाई खानु पर्‍यो ।
६. कुसेटारमा माध्यमिक विद्यालय संचालन हुन आवश्यक छ ।
७. शिक्षकलाई क्षमता विकास तालिम दिन आवश्यक छ ।
८. गाउँपालिकाले आगामी दिनमा यूवा लक्षित स्वरोजगार कार्यक्रम संचालन गर्नुपर्ने ।
९. योजनाको काम गर्दा सानो तिनो विल नमिल्दा पटक पटक दुःख नदिए हुन्थ्यो ।

१०. उत्पादनमूखी विकाश, नतिजामूलक कार्यमा जोड दिने र सर्वसाधारण जनताको साधारण आवश्यकता र समस्यालाई छिटो, छरितो र विश्वासनीय ढंगबाट पुरा वा समाधान गर्नमा जोड दिनुपर्ने ।
११. गाउँपालिकाबाट अपेक्षा राख्ने क्रममा मैले जति गाउँगाउँमा समस्या परेका कामहरु समाधान र विकास हुनु पऱ्यो र गाउँपालिकामा जाँदा खेरी कर्मचारी देखि जनताहरुलाई सहज तरिकाले प्रशिक्षण दिनु ।
१२. व्यक्तिगत आवश्यकता देखि प्रत्येक वडाहरुको आवश्यकता विकास कार्यको पहिचान गरेर सहि ठाउँमा समावेशी तरिकाले विकास गर्नुपर्ने र वेला वेला सार्वजनिक सुनुवाई, पारदर्शिता हुनुपर्ने ।
१३. गाउँपालिका जाँदा समयमा काम होस् भन्ने चाहना र विचार छ । तर सानो विधिले काम अधुरो भई पटक पटक धाउनु पर्ने हुँदा दुख र गुनासो लागेको छ । अव आउने दिनमा सेवाग्राहीलाई सुधार गरियोस् ।
१४. सोधिएका समस्याहरु तुरुन्त हल होस् ।
१५. काम गर्न सहज वातावरण सिर्जना होस् ।
१६. नजानेका कामहरुमा सहज रुपले सल्लाह पाइयोस् ।
१७. जनतालाई सम्वन्धित निकायबाट दिने सेवासुविधामा कुनै पनि प्रकारको हिचहिचावट नहोस् । नातावाद, कृपावाद र राजनीतिकरण नहोस् । घुषखोरी र काममा ढिलासुस्ती नहोस् भन्ने मेरो व्यक्तिगत र जनताको चाहना हो ।
१८. असाहय, अशक्त, ज्येष्ठ नागरिकहरुलाई गाउँमा नै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था होस् ।
१९. गाउँपालिकाबाट भूगोल हेरेर सेवा सुविधा गाउँ टोलमा राखिदिए राम्रो हुनेथियो ।

साँगुरीगढी गाउँपालिका वडा नं. ३ कुसेटारमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको झलक













गाउँपालिकाले दिने सेवा प्रवाहको विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
सहजीकरण
विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर
धनकुटा




















साँगुरीगढी गाउँपालिकाको आयोजना तथा विकासन्ति मिडिया एण्ड रिसर्च सेन्टर धनकुटाको सहजीकरणमा गाउँपालिकाले दिने सेवा प्रवाहको विषयमा साँगुरीगढी गाउँपालिका वडा नं. ३ कुसेटरमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति :

मिति: २०८० असार १ गते शुक्रवार

| क्र.स | नाम | पद | संघसंस्था/ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | जितेन्द्र राई | अध्यक्ष, | साँगुरीगढी गा.पा | |
| २. | ऐकबहादुर लिम्बु | वडाध्यक्ष | साँगुरीगढी गा.पा. ३ | |
| ३. | मनोजकुमार ठाकुर | (प्रमुख प्रशासकीय अधिकृत) | साँगुरीगढी गा.पा. | |
| ४. | द्रोण राई | योजना प्रमुख | साँगुरीगढी गा.पा. | |
| ५. | [illegible] कटुवाल | शिक्षा शाखा प्रमुख | साँगुरीगढी गा.पा. | |
| ६ | संजय [illegible] | शिक्षक | श्री सिद्धेश्वरी आ.वि. | |
| ७, | शंकर पोखरेल | शिक्षक | " " " | |
| ८ | नविन कु. माझी | | स्थानीय | |
| ९ | प्रेमा लिम्बु | | [illegible] | |
| (१०) | बिजय लिम्बु | | | |
| (११) | भद्रमान अधिकारी | | | |
| (१२) | मान बहादुर लिम्बु | | | |
| (१३) | ऐक बहादुर कार्की | | | |
| १४ | इन्द्र बहादुर अधिकारी | | | |
| १५ | गणेश लिम्बु | | | |
| १६ | [illegible] | | | |
| १७ | कृष्ण प्रसाद माझी | | | |
| १८ | ललित प्र. भुजेल | | | |
| १९ | हरिबहादुर [illegible] ([illegible]) | | | |
| २० | अनिल कु. माझी | | | |
| २१ | गिता कु. भुजेल | | | |
| २२ | दिपेन्द्र माझी | | | |
| २३ | रतिका थापा | | | |
| २४ | बिबीता थापा | | | |
| २५ | | | | |
| २६ | नरेन्द्र थापा | | | |

२७. सुवास माझी
२८. प्रतिमा माझी
२९. उमेश माझी
३०. दिपक कार्की
३१. संदिप कार्की
३२. पञ्चक माझी
३३. कमल कुमार याख्खा
३४. इन्द्र कुमारी याख्खा
३५. नितन मगर
३६. फडिन्द्र आचार्य — खवाकोले स्वास्थ्य चौकी
३७. पद्म कुमारी भण्डारी
३८. हर्क राई
३९. गोपी माया अधिकारी
४०. मोहन राज अधिकारी
४१. उमा [illegible]
४२. विमला अधिकारी
४३. चन्द्र कार्कि
४४. पृथ्वी राय
४५. संतोष लिम्बु
४६. कमल लिम्बु
४७. भुवन प्रसाद लिम्बु
४८. सरोज यादव
४९. नवराज लावती
५०. अमृत महतो
५१. प्रेम [illegible]
५२. अम्बिका कार्की
५३. रघु घिमाल
५४. टेक बहादुर राना
५५. तोयादेवी डाँगी
५६. महेन्द्र माझी
५७. रोहित कुमार पोखरेल [illegible]
५८. राज कुमार राई - नि. वडा अ० -

| | | | |
|---|---|---|---|
| ५९. | सिता अधिकारी | | सिता |
| ६०. | दमभाया कार्की | | दमभाया |
| ६१. | तेजका० अधिकारी | | तेजका |
| ६२. | विपिन कोइराला | सहभागी | [signature] |
| | कमला चापागाई | " | Kamala |
| ६३. | पवित्रा कार्की | " | पवित्रा |
| ६४. | देवीमाया भुजेल | " | [signature] |
| ६५. | टेक कुमारी भण्डारी | " | [signature] |
| ६६. | आइतमाया माझी | " | संजामाम |
| ६८. | पञ्च बहादुर माझी | " | पञ्च बहादुर |
| ६९. | | | [signature] |
| 60. | उर्मिला अधिकारी | | [signature] |
| 69 | उमा थापा | | [signature] |